नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
# विद्युत विकास विभाग
(अनुमतिपत्र महाशाखा)

फोन नं. ५५३४११९, ५५११५३७, ५५११५०१
फ्याक्स (९७७-१)-५५३९९०३
पोष्ट बक्स नं. २५००७
सानोगौंचरण काठमाडौं, नेपाल

पत्र संख्या :- ०८२/८३
च. नं. :- ४०६

नेपाल सरकार ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय विद्युत विकास विभाग २०५०

मितिः २०८२/०६/०९

श्री स्नो हिल्स प्रा.लि.,
काठमाडौं, नेपाल।
फोन नः ९८५१०७७५७९

विषयः विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँबाट प्रस्तावित सैलीगाड जलविद्युत आयोजना, ८.७ मेगावाटको विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्रको दरखास्त सम्बन्धमा पेश भएको दरखास्त माथि कारबाही हुँदा निम्न विवरणहरु पेश हुन बाँकी देखिएकोले सो विवरणहरु पेश गर्नुहुन मिति २०८२।०६।०८ को निर्णयानुसार अनुरोध छ।

क. प्रस्तावित क्षेत्र खसड राष्ट्रिय निकुन्ज को मध्यवर्ति (Buffer Zone) क्षेत्रमा पर्ने देखिएकोले विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १२(५) बमोजिम छ महिना भित्र वन तथा वातावरण मन्त्रालयको सहमतिपत्र पेश गर्नुहुन र सो अवधि भित्र सहमति पेश गर्न नसकेमा दरखास्त रद्द हुने।

ख. विद्युत आयोजनाको अनुमतिपत्र सम्बन्धी निर्देशिका, २०७५ (पाँचौ संसोधन) को दफा १० को उपदफा (३) को व्यवस्था बमोजिम पैतिस (३५) दिनको समयावधि भित्र निम्न विवरणहरू:

१. प्रवर्द्धक कम्पनीको दर्ताको प्रमाण पत्र, प्रबन्धपत्र, नियमावली, प्यान दर्ता (नोटराइज प्रतिलिपि),
२. प्रवर्द्धक कम्पनीको शेयरवाला दर्ता किताबको नोटराइज प्रतिलिपि।
३. प्रवर्द्धकको तर्फबाट सम्पर्क वा पत्राचार गर्न तोकिएको आधिकारिक व्यक्तिको विवरण (यस सम्बन्धमा सञ्चालक समितिको निर्णय), पत्राचार गर्ने स्पष्ट ठेगाना, सम्पर्क टेलिफोन नम्बर (कार्यालय र निवास), मोबाइल नम्बर, फ्याक्स नम्बर, पोष्ट बक्स नम्बर तथा इमेल ।
४. विभागबाट तोकिएको ढांचामा प्रवर्द्धक कम्पनीको UDIN no समेत खुलेको नेट वर्थ प्रमाण र सो लाई पुष्टि हुने कागजात विवरणहरू।
५. नेट वर्थ तयार गर्ने सिए संस्थाहरुको आ.व. २०८१।८२ को कर चुक्ता प्रमाण पत्र, दर्ता सम्वन्धी कागजात तथा नवीकरण भएको निस्साको नोटराइज गरिएको प्रतिलिपि।
६. आयोजाना अध्ययन गर्ने सम्बन्धमा परामर्श दातृ संस्था सँग भएको सम्झौता पत्रको सक्कल वा नोटराइज प्रतिलिपि (प्रत्येक पानामा दुवै परामर्शदाता र प्रवर्द्धकसंस्थाको छाप र आधिकारिक व्यक्तिको दस्तखत सहितको)।
७. परामर्श दातृ संस्थाको संथा दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, कम्पनीको प्रबन्धपत्र, नियमावली तथा आ .व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको नोटराइज प्रतिलिपि।

०६/०८

(पोष्टराज पौडेल)
इन्जिनियर